नेपाली राजदूतावास, सिओल
Embassy of Nepal, Seoul
주한 네팔 대사관, 서울

Ref No. :

## राहदानी घुम्ती शिविर तथा श्रमिक सचेतना कार्यक्रम हुने सम्बन्धी सूचना

नेपाली राजदूतावासले कोरियामा रहनुभएका सम्पूर्ण नेपाली नागरिकहरुको कार्यव्यस्ततालाई मध्यनजर गर्दै सहज, सरल र सेवाग्राहीमैत्री रुपमा सेवाप्रवाह गर्ने हेतुले विभिन्न समयमा विभिन्न स्थानहरुमा राहदानी घुम्ती शिविर तथा श्रमिक सचेतना कार्यक्रम सञ्चालन गर्दै आइरहेको व्यहोरा सबैमा विदितै छ। सोही कार्यक्रमलाई निरन्तरता दिने क्रममा यही ४ अक्टोबर २०२६ (तदनुसार १८ असोज २०८३) मा नेपाली राजदूतावासको आयोजनामा र नोन्सान नेपाली समाज दक्षिण कोरियाको सह-आयोजनामा नोन्सानमा राहदानी घुम्ती शिविर तथा श्रमिक सचेतना कार्यक्रम आयोजना गरिने भएकाले सम्बन्धित सबै सेवाग्राहीहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

उक्त घुम्ती शिविरबाट राहदानी र कन्सुलर सेवा लिन प्रचलित कानुनले तोकेको शुल्क र Postage Charge (३०४० वन) बाहेक कुनै पनि थप शुल्क नलाग्ने बेहोरा जानकारी गराइन्छ। नवजात शिशुहरुको हकमा पहिले जन्मदर्ता प्रमाणपत्र जारी गरी राहदानी बनाउनु पर्ने र जन्मदर्ता सो स्थानबाट जारी गर्न नसकिने हुँदा निजहरुको हकमा जन्मदर्ता र राहदानी आवेदनका लागि अनलाईन फारम भरी दूतावासमा आई सेवा लिनुपर्नेछ।

➢ राहदानीको राजश्व रकम Online माध्यमबाट बुझाउनु पर्ने छ। Cash लिईने छैन।

➢ अनलाईन फारम भरेपछि प्राप्त WPT number सहितको Barcode अनिवार्य रुपमा सम्पर्क व्यक्तिलाई पठाउनुपर्नेछ।

❖ सेवा प्राप्त गर्नका लागि आवश्यक कागजातहरु:

✓ पूरानो राहदानी तथा सोको प्रतिलिपि १ थान ( Front Page र Back Page दुबैको )
✓ नागरिकताको प्रतिलिपि १ थान ( Front Page र Back Page दुबैको )
✓ सक्कल Residence Card
✓ Postal Charge का लागि ३०४० वन Cash दिनुपर्नेछ।

विस्तृत जानकारीका लागि सम्पर्क:

| | | |
|---|---|---|
| सोनाम शेर्पा | ०१०७२६६४७२१ | - संस्थापक अध्यक्ष |
| तारा जर्गा | ०१०९३०४३६१८ | -आर्थिक संयोजक |
| ईश्वर देवकोटा | ०१०२९६६२२१९ | -व्यवस्थापक नोन्सान एफ सी |

नेपाली राजदूतावास, सिओल
१६ सेप्टेम्बर २०२६

Tel : (02)3789-9770~1 Fax : (O2) 736-8848 www.kr.nepalembassy.gov.np
Email : conseoul@mofa.gov.np, nepembseoul@yahoo.com, nepembseoul2015@gmail.com
19, 2 gil, Seonjam-ro, Seongbuk-gu, Seoul [02823]